बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :-

मितिः २०८२।१२।२३

**बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।२२ को निर्णय बमोजिम प्रेषित**

**सुभकामना सन्देश**

"फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचित हुनुभएका प्रतिनिधिसभाका माननीय सदस्यज्यूहरु र सम्मानीय प्रधानमन्त्री श्री बालेन्द्र शाहज्यूको नेतृत्वमा गठित सङ्घीय सरकार र सरकारका माननीय मन्त्रीज्यूहरुलाई बागमती प्रदेश सरकार हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि सुभकामना व्यक्त गर्दछ।

आमजनताको आशा, परिवर्तनको आकांक्षा, सुशासनयुक्त र भ्रष्टाचारमुक्त सेवा प्रवाह तथा विकास र समृद्धिको चाहनालाई व्यवहारमा रूपान्तरण गर्न लोकतान्त्रिक मूल्य—मान्यता, विधिको शासन, पारदर्शिता र जवाफदेहिताको कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आजको अपरिहार्य आवश्यकतालाई केन्द्रमा राख्दै नेपाल सरकारसँग सहकर्यिको लागि बागमती प्रदेंश सरकार सदैव तयार रहेको छ।

समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित सङ्घीय प्रणालीमा संविधान प्रदत्त तहगत सरकारहरुको भूमिकालाई सम्मान गर्दै सङ्घीय सरकारले नेतृत्वदायी भूमिका खेल्ने कुरामा बागमती प्रदेश सरकार विश्वस्त रहेको छ। सम्मानीय प्रधानमन्त्री श्री बालेन्द्र शाहज्यूको नेतृत्वमा नवगठित सङ्घीय सरकारलाई सफल कार्यकालको लागि बागमती प्रदेश सरकार पुनः हार्दिक शुभकामना व्यक्त गर्दछ।"

(रामबाबु पुरी)
प्रदेश सचिव/ प्रवक्ता
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

फोन नं.: ०५७-५२२३८५, ३८७, ८१७, ८९८, ३१७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np